दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २५० | बुटवल | २०८१ भदौ २०, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Sept.05 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

# रुपन्देहीमा रक्तदान उत्साह

**रुपन्देहीका एक वर्षमा ४५६ संस्थाले आयोजना गरेको रक्तदानमा ३१ हजार बढी युनिट रगत संकलन भएको छ भने पालिकाहरुबाट ९ हजार ८ सय ६७ युनिट रगतको भुक्तानी भएको छ। रुपन्देहीमा रगतको पैसा तिर्न पर्दैन।**

**मोहम्मद हबिब**
*भैरहवा*



रगत दिए बिरामी भइन्छ भन्ने मानसिकताबाट अहिले समाज परिवर्तनतर्फ गइरहेको छ । मानिस जीवित रहनका लागि नभइ नहुने पदार्थ रगत हो तर चिकित्सामा जतिसुकै विकास भएपनि रगत कृत्रिम तरिकाले बनाउन सकेको छैन । अहिलेसम्म रगत दानले नै दिनानुदिन मृत्युको मुखमा पुगेकाहरुको ज्यान जोगिएको छ। आवश्यक व्यक्तिलाई रगत दिनुपरेमा रक्तदान नै एकमात्र उपाय हो । रुपन्देहीमा पनि ठूलो मात्रामा रगतको आवश्यकता हुन्छ जस्को पूर्ति गर्ने काम रक्त सञ्चार केन्द्र (रेडक्रस रुपन्देही) ले गरेको छ।

सामान्य अवस्थाको एक स्वस्थ मानिसले हरेक तीन महिनामा रक्तदान गर्दा शारीरमा कुनै हानी नोक्सान हुँदैन । रुपन्देहीमा एक वर्षको अवधिमा ३१ हजार ६ सय ७९ युनिट रगत संकलन भएको देखिन्छ। ती रगतबाट ३४ हजार ६ सय १७ युनिट रगत र रगत तत्व भैरहवा र बुटवल रक्त सञ्चारबाट वितरण गरिएको छ। क्षेत्रमा काम गर्दै आएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका अनुसार वर्ष २०८०-८१ मा ३६ हजार ९ सय ५७ युनिट रगत संकलन भइ वितरण भएको छ, वितरणमध्ये केही अन्य जिल्ला र रक्तसञ्चारबाट पनि प्राप्त भएको हो ।

नेपाल रेडक्रस सोसाइटी रुपन्देहीका अध्यक्ष दीपक क्षेत्री न्यौपानेले रुपन्देहीमा रगतमा धेरै सहजता भएको बताउँछन् । पुरानो मानसिकताबाट अहिलेको युवा जमातको भाव परिवर्तन भएको छ । रगत दिए बिरामी हुन्छ भन्ने डर त्रास हुन्थ्यो जुन अहिले छैन । जनचेतना र हौसाला बढाउने कार्यले गर्दा अहिले रगत दिनका लागि तम्सिने गरेका छन् । वर्षमा ४ पटक ३-३ महिनामा दिन मिल्छ रक्तदाताहरुले आफैं कहाँ छ कार्यक्रम भनेर खोज्ने गरेको पाइएको छ।

रुपन्देहीमा दैनिक रुपमा नै रक्तदानको कार्यक्रम भइरहन्छ र जसले रगतको सहजता भएको छ । प्लाज्मा र रक्त कोषहरुको समिश्रणबाट बनेको रगत तत्वहरुको भरियाको रुपमा काम गर्छ। मानव शरीरमा औसत ५ दशमलव ५ लिटर रगत रहेको हुन्छ।

रेडक्रसबाट नै सञ्चालित बुटवल रक्तसचार सेवा केन्द्र र रक्त सञ्चार सेवा इकाई भैरहवाका ब्लड बैंकबाट रुपन्देही, गुल्मी, पाल्पा, नवरपरासी, चितवन, कपिलवस्तु, अर्घाखाँची, रोल्पा, प्यूठानलगायतका जिल्लाका सेवाग्राहीलाई सेवा दिइरहेको छ। रेडक्रसको प्रविधिक सहयोग एक वर्षको अवधिमा रक्त सञ्चार केन्द्र बुटवलले घुम्ती रक्तदानबाट २२ हजार ४३ युनिट, स्वयंसेवी रक्तदाताहरुबाट ३ हजार ९ सय ५९ गरी २६ हजार २ युनिट रगत संकलन भएको छ। संकलित रगत मध्ये २१ हजार ७ सय ८ जना पुरुष छन् भने ४ हजार २ सय ९४ जना महिला रहेका छन। यस्तै सेवा इकाई भैरहवाले घुम्ती रक्तदानबाट ४ हजार ८५ युनिट, स्वयंसेवी रक्तदाताहरुबाट १ हजार ५ सय ९२ गरी ५ हजार ६ सय ७७ युनिट रगत संकलन गरेको छ। संकलित रगतमध्ये ५ हजार २ सय ३१ जना पुरुष छन् भने ४ सय ४६ जना महिला रहेका छन् । यसरी जिल्लाबाट ३१ हजार ६ सय ७९ युनिट रगत संकलन भएको छ। आर्थिक वर्षको सुरुवातमा ४१५ युनिट रगत मौजदात थियो भने अन्य रक्तसञ्चारबाट ६ सय ८७ युनिट रगत, परासीबाट १४ युनिट रगत संकलन भएको छ।

कार्यालयले दिएको तथ्याङ्क अनुसार बुटवलबाट २४ हजार ८ सय ३४ र भैरहवाबाट ६ हजार १ सय ८ युनिट गरी ३० हजार ९ सय ४२ युनिट रगत वितरण भएको देखिन्छ । यसका साथै रक्तदाता संस्थाको सिफारिसमा ३४ युनिट, सेवा शुल्क छुट गरी विपन्न वर्गलाई ६ युनिट, अन्य रक्तसञ्चार केन्द्रमा पठाइएको ६ सय ८७ युनिट, रोग युक्त नष्ट गरिएको रगत ३७७ युनिट, प्रयोग गर्न अनुपयुक्त ६४ युनिट रगत रहेको छ।

रुपन्देहीबाट सबैभन्दा बढी रगत लुम्बिनी प्रादेशिक अस्पतालमा १० हजार ४ सय ११ युनिट वितरण गरिएको छ। यस्तै युनिभर्सल मेडिकल कलेज भैरहवामा ५ हजार ५ सय २०, गौतमबुद्ध मुटु अस्पताल बुटवलमा ५ हजार २ सय ३४, क्रिमशन अस्पताल मणिग्राममा १ हजार ५ सय ३ सिद्धार्थ बाल तथा महिला अस्पतालमा १ हजार ३ सय ६२ र भैरहवास्थित भिम अस्पतालमा १ हजार १ सय ३७ युनिट रगत वितरण गरिएको छ। यसको अलावा आवश्यकता र मागअनुसार विभिन्न ३८ वटा अस्पताल र जिल्लामा रगत वितरण गरिएको छ। जिल्लामा कुनै रगत समूहको रगत अभाव हुँदा पनि बाहिरी जिल्लाबाट रगत लिने र बढी संचिती भएको रगत आवश्यकताको आधारमा पठाइने गरिन्छ।

रगतको अभाव हुन नदिन स्वतस्फुर्त रुपमा संस्थागत रुपमा पनि रक्तदानको कार्यक्रम हुँदै आएको छ। पहिलाको तुलनामा अहिले रगत दिनेको संख्यामा बढोत्तरी भएको पाइन्छ। रुपन्देहीका विभिन्न क्षेत्रमा दैनिक जसो नै रक्तदानका कार्यक्रम हुने गरेको छ, अहिले रक्तदान गर्न उत्साहक बढेको छ। एक वर्षको अवधिमा ४ सय ५६ वटा संस्था र भैरहवा बुटवलमा रहेको रक्तसञ्चार केन्द्रबाट ३१ हजार ६ सय ७९ युनिट रगत संकलन भएको छ संकलित रगतमध्ये ४ हजार ७ सय ४० युनिट रगत महिलाले दान गरेकी छन् । सामाजिक संस्था, जातीय संस्था, रेडक्रस परिवार, वित्तीय संस्था, धार्मिक संस्था, उद्योग तथा व्यापारिक संस्था तथा प्रतिष्ठान, स्वास्थ्य संस्था, राजनैतिक, पालिका, शैक्षिक, खेलकुद तथा संयुक्त रुपमा पनि रक्तदानका कार्यक्रम आयोजना गर्ने गरेका छन्। यो अवधिमा ५ जनाले जन्मदिनको अवसरमा र १ जनाले पुण्यतिथिको स्मृतिमा पनि रक्तदान गरेको देखिन्छ। यो तथ्याङ्क विगतको भन्दा धेरै हो।

सामान्य अवस्थामा मात्रै होइन कोभिडको सन्त्रासमा पनि भैरहवा क्षेत्रमा लकडाउन अवधिमै रक्तदानको सुरुवात ग्रामीण क्षेत्र रोहिणी गाउँपालिका ७ का मुस्लिम समुदायहरुबाट भएको थियो। रक्तदान भनेपछि टाढा जाने उक्त समुदाय लकडाउन र कोरोना भाइरसको यस्तो परिस्थितिमा पनि आफैं आयोजक भएर रक्तदान कार्यक्रमको थालनी गरेका थिए।

» बाँकी ३ पेजमा

## शुक्रबार लुम्बिनी प्रदेशमा बिदा

दाङ । लुम्बिनी प्रदेश सरकारले शुक्रबार लुम्बिनी प्रदेशभर सार्वजनिक बिदा दिने भएको छ ।

हरितालिका तीजको ब्रत बस्ने दिनको अवसरमा लुम्बिनी प्रदेशभर बिदा दिइएको हो । लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव राजेन्द्रप्रसाद पन्थीले एक विज्ञप्ति सार्वजनिक गर्दै बिदा दिइएको जानकारी गराएका छन् ।

## तिजमा विकृति भयो : मुख्यमन्त्री



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नेपाली मौलिक कला संस्कृतिहरुलाई असर गर्नेगरी विकृती भित्रिन थालेको प्रति चिन्ता व्यक्त गरेका छन् । पछिल्लो समय तिज पर्वमा भित्रिन खोजेको विकृति विसंगति रोक्ने जिम्मेवारी सबैको भएको समेत उनले बताए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा तिज पर्वको अवसरमा बुधबार आयोजित शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले तिज संस्कृतिको जगेर्ना गरेर अघि बढ्नु सबैको कर्तव्य भएको बताएका हुन् । उनले मौलिक कला संस्कृतिको जगेर्ना गर्दै भित्रिन खोजेको विकृति विसंगतिलाई रोक्नेगरी पर्व मनाउन आग्रह गरेका छन् ।

'तिजलाई भड्किलो बनाउन खोजिएको छ । विकृतिले घेर्न थालेको छ,' उनले भने-'भड्किलो तिजलाई निरुत्साहित गर्ने जिम्मेवारी सबैको हो । यसतर्फ पनि हामीले ध्यान दिनुपर्ने छ ।' शुभकामना आदानप्रदान कार्यक्रममा लुम्बिनी प्रदेशका कायम मुकायम प्रमुख सचिव महादेव पन्थ, मन्त्रालयका सचिवलगायत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## जिल्ला शिक्षा कार्यालय हटाऔं : गगन



बुटवल । नेपाली कांग्रेसका महामन्त्री एवं सांसद गगनकुमार थापाले जिल्ला शिक्षा कार्यालय पूर्णरुपमा हटाउनुपर्ने बताएका छन् ।

सिंहदरबारमा बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा विद्यालय शिक्षा विधेयक, २०८० माथिको संशोधनमा भाग लिँदै उनले नेपालको संविधानले जिल्ला शिक्षा कार्यालयलाई नमान्ने भएकाले पूर्णरुपमा हटाउनुपर्ने बताएका हुन् ।

उनले शैक्षिक गुणस्तर परीक्षण केन्द्र नभइ प्राधिकरण बनाउनुपर्ने प्रस्ताव गरे । उनले भने-'जिल्ला शिक्षा कार्यालय पूरै हटाउनुपर्छ । किनभने हाम्रो संविधानले यसलाई मान्दैन । शैक्षिक गुणस्तर परीक्षण केन्द्र होइन, प्राधिकरण हुनुपर्छ । यो समय अटोनोमस हुनुपर्छ । त्यसपछि बल्ल यसले हेर्नसक्छ । नत्र शिक्षा मन्त्रालयअन्तर्गतकै विद्यालयहरू शिक्षा मन्त्रालयको सामान्य एउटा केन्द्रको रुपमा राखेर शिक्षा मन्त्रालयले ओभरल विद्यालयको कुरा हेर्न सक्दैन ।'

शिक्षकलाई प्रतिष्ठा बढाउने, सेवा सुविधा बढाउने कुरा खुलेर गर्नपनि उनले आग्रह गरे ।

# 'बढी ब्याज खान सहकारीमा पैसा राख्नेहरुले आन्दोलन गरे'



बुटवल । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले बैंकबाट कम ब्याजमा रकम लिएर बढी ब्याज खान सहकारीमा पैसा राख्नेहरूले आन्दोलन गरेको आरोप लगाएका छन् ।

बुधबार काठमाडौंमा सहकारी पत्रकार समाजको १४औं स्थापना दिवस कार्यक्रममा बोल्दै मन्त्री अधिकारीले यस्तो बताएका हुन् ।

उनले बढी ब्याज खान खोज्नेहरुले नै सहरकारी पीडितहरुको अगुवाइ गरेर आन्दोलन गरिरहेको उल्लेख गरे । उनले सहकारी सबै खराब हुन् भनेर जनतालाई बुझाइएको भन्दै यसलाई चिर्न आवश्यक रहेको बताए ।

उनले कसैले स्वार्थ पूरा गर्न लागेका सहकारी देखाएर सबै सहकारी नराम्रो हो भन्ने भाष्य बनाउन खोजिएको दाबी गरे ।

उनले भने-'एकथरी आफूसँग धेरै भएको सम्पती सहकारीमा राख्ने र अर्को थरी बैंकबाट कम ब्याजमा पैसा लिने र सहकारीमा बढी ब्याजमा राख्नेबिचको मुनाफा खाइराख्ने त्यस्ता खाले पनि छन् । अहिले सहकारीमा आन्दोलन गर्नेहरु त्यस्तै मात्रै छन् । आन्दोलनको नेतृत्व गर्नेहरुले पीडितहरुसँग फाइदा लिन पनि पाउने भए। अर्को थरी उद्देश्य पूरा छ भन्नेछन् ।'

मन्त्री अधिकारीले सरकारले सहकारीका समस्या समाधानको लागि सहकारी अगुवा र पीडित जनताका सुझाव लिएर काम अघि बढाइरहेको दाबी गरे । उनले सरकारले आन्दोलनरत सहकारी पीडितसँग भएको ८ बुँदे सहमतिमा सरकारले ७ वटा काम थालनी गरेको बताए ।

सहकारीको समस्या समाधान गर्न पीडित बचतकर्ता र सहकारीका अगुवासँग छलफल गरिरहेको उनको भनाइ छ ।

उनले सहमति भएकामध्ये आयोग गठन गर्ने काम सरकारले गरेको भन्दै अर्को आयोग गठन गर्न कानूनी रुपमा समस्या भएको बताए ।

मन्त्री अधिकारीले सरकारले गठन गरेको सहकारी समस्या समाधान गर्ने समितिमा आन्दोलनरतले छुट्टै प्रतिनिधि खोजेको भन्दै ३१ हजार सहकारीका प्रतिनिधि राख्न नसकिने जिकिर गरे ।

उनले सहकारीमा अहिलेको समस्या आउनुभन्दा पहिला नै ७ वटाभन्दा बढी सहरकारीहरुमा समस्या परेको भन्दै आफू मन्त्री भएर आएपछि जम्मा २ वटा सहकारी संस्था मात्रै समस्याग्रस्त घोषणा गरेको बताए ।

उनले सरकारले ऋण असुली न्यायाधिकरण,कर्जा सूचना केन्द्रका विषयमा काम गरिरहेको जानकारी दिए ।



दैनिक लुम्बिनी

# सम्पादकीय

## विद्यालयको असल अभ्यास

अपवादलाई छाडेर नेपालका अधिकांश सरकारी विद्यालयहरुको सिकाइ अभ्यास रोगजगारमुखी र जीवनउपयागी छैन । किताबी ज्ञानमा मात्र सीमित छ। यस्तो अवस्थामा रूपन्देहीको सिद्धार्थनगर-१ बेलहियास्थित बेलहिया माध्यमिक विद्यालयले विद्यार्थीलाई पढाइसँगै अतिरिक्त क्रियाकलापमा रमाउने वातावरण बनाएको छ। विद्यार्थीलाई स्वरोजगार बन्नुपर्छ भन्ने सिकाइका लागि विद्यालयमै पढ्दै, कमाउँदै, रमाउँदै कार्यक्रम सञ्चालन गरिएको छ। जसअन्तर्गत कक्षा ६ देखि कक्षा ९ सम्मका विद्यार्थीहरुलाई प्रत्येक महिनामा एउटा सीप सिकाउने र त्यसबाट आयमूलकतर्फ जोड्दै आर्जन भएको रकम विद्यार्थीलाई हस्तान्तरण गरिन्छ। प्रत्येक महिना एउटा सीपमूलक तालिम दिइ विद्यार्थीहरुले पढाइसँगै सीपलाई आयतर्फ कसरी जोड्न सकिन्छ भन्नेतर्फ जोड दिएको छ।

यो कार्यक्रमअन्तर्गत विद्यार्थीहरुले आँपको मुरब्बा बनाउन सिके र केही बजारमा पनि बेचे। यस्तै अचार बनाउने, च्याउ खेती, फुरनदाना बनाउने, चुरापोते बनाउने, टपरी बुन्ने, फूलका बिरुवा उमार्ने, फुड फेस्टिबल, अमला केण्डी, मैनबत्ती, मेहदी लगाउने जस्ता धेरै जीवनोपयोगी तालिमहरु गरेका छन्।

कार्यक्रमका लागि शिक्षकले आवश्यकताका आधारमा योजना बनाइ आफैं लगानी गर्छन्, केही विद्यार्थीहरुले पनि ऐच्छिक रुपमा लगानी गर्छन्। लगानीबाट उत्पादनमा जोड्दै त्यसलाई बिक्रीतर्फ लगिन्छ, जसबाट हुने आम्दानीले लगानी कर्ताको खर्च दिइ बाँकी मुनाफालाई विद्यार्थीहरुमा बाँड्ने गरिएको छ। सीप सिकाएपछि विद्यार्थीहरुले उत्पादन गरेका वस्तुहरु बिक्री गरी उनीहरुलाई आयआर्जन गर्न सिकाउंछ। उत्प्रेरित गर्छ।

चुनौतीका बिचमा पनि विद्यालयको भौतिक पूर्वाधार सुधारका क्षेत्रमा धेरै प्रगति गरेको देखिन्छ। वास्तवमा बेलहिया माध्यमिक विद्यालयले जस्तै पढ्दै, कमाउँदै, रमाउँदै कार्यक्रम सबै सामुदायिक विद्यालयमा सञ्चालन गर्न सक्ने हो भने विद्यार्थीहरु व्यवहारिक र रोजगारमूलक सीपयुक्त बन्न सक्छन्। अहिले विद्यालयका बालबालिकाहरु मोबाइल फोन अत्याधिक प्रयोगको लतमा फसेका छन्। यद्यपि यो विश्वव्यापी समस्या हो। तर यस्तो अवस्थामा बालबालिकाहरुलाई पढ्दै गर्दा कमाउने बानीको विकास गर्न सके उनीहरु काम र आयआर्जनप्रति जानकार र जागरुक हुन सक्छन्। यसले अन्ततः मुलुकको आर्थिक विकास र समृद्धिमा पनि टेवा दिनसक्छ। यस्तो कार्यक्रमलाई सबै विद्यालयमा विस्तार गर्न संघ, प्रदेश र स्थानीय सरकारको ध्यान जान जरुरी छ।

# २०८१ सालको रमाइलो तिज



झपेन्द्र जिसी



१.घरै रमाइलो माइतै रमाइलो !
पटम् फरर धौले घर माइतै रमाइलो !!

अधिकांश चाडपर्वहरू कहिलदेखि सुरु भए तिथिमिति थाहा हुँदैन। तर पनि थुप्रै पर्व संस्कृतिहरू परम्परागत रूपमा जीवित रहँदै आएका छन्, उत्पादन पद्धतिमा आएको फेरबदलसँगै रूढ मान्यताहरू हटाउँदै प्रगतिशील वा प्रगतिवादी मान्यता र संस्कृति स्थापित गर्दै समाजले मानव उपयोगी मान्यताहरू जगेर्ना गर्दै आएको छ। तर कैयौं रूढ मान्यताहरूले नारी जगत्‌लाई दमन गर्दै आएका छन्। ती असामयिक र परित्यज्य छन्।

२. तिज पर्वका दिन श्रीमान् वा पतिको दीर्घायुको कामना गर्दै निलाहार उपबास बस्नु, पहिले मासिक क्रिया रज भएको बेला छातछुत गर्न, मीठो चोखो खान त परै जाओस् घरमा बस्नसम्म नहुने, घरदेखि पर औढारमा बस्नुपर्ने मान्यता पनि छन्, जसलाई छाउपडी प्रथा भनिन्छ। छुवाछुत गरिएको पाप कटाउन पञ्चमी पूजा गर्नुपर्ने नत्र ८४ जुनीसम्म कुकुर्नी, संगुर्नी, ढोंडे कीरा बन्नुपर्ने मान्यता हरितालिका ब्रतकथामा सुनाइने परम्परा पनि छ।

तिज पर्व संस्कृति नारी प्रधान पर्व संस्कृति हो। यो पर्व नेपाली पर्वहरूमध्ये सबैभन्दा ठूलो पर्व हो। किन ? यस कारणले कि यो पर्वमा प्रायशः सबै धर्मका महिलाहरू



गाउने र नाच्ने गर्दछन्। सुदूर विगतलाई हेर्दा मानव शास्त्रीहरू लुइस हेनरी मोर्गन, फ्रेड्रिक ऐंगल्स विश्वनाथ, काशिनाथ राजवाडेहरू जस्ताले मानव इतिहासको विशद अध्ययन गरेका छन्। उनीहरूका अनुसार त्यो बेला त परगोत्रीय विवाहको प्रचलन नै रहनेछ। एउटै बाबु आमाका छोराछोरीका बिचमा हुँदो रहेछ। अहिले पनि विभिन्न मानव जातीय समुदाय र समूहमा कुटुम्ब विवाह प्रथा कायमै छ। बहुपति प्रथा द्रौपतीका पाँच पति भए झैं त्यो पनि कतिपय जातिय समूहमा कायमै छ। बहुपत्नी प्रथा हाम्रो समाजमा पनि कायम थियो। तर २०४६ सालको परिवर्तनपछि बहु विवाह प्रथा वा बहुपत्नी प्रथा त करिब करिब अन्त्य भइसकेको छ। यस्तो मानव समुदायमा चाड पर्व समूह आफ्नै खालका हुन्छन्। तिज पर्व संस्कृतिको उत्पतिमा विवाह पद्धति समेतले काम गरेको छ।

३. एउटा रोचक प्रसङ्ग हिन्दू भनिएको ब्राह्मण समाजमा रहेछ। ब्राह्मण श्वेत केतुकी आमाले आफ्नै छोरा श्वेत केतुलाई यौन सम्बन्ध गर्न प्रस्ताव गरेको र ब्राह्मण श्वेत केतुले आमाको यस्तो प्रस्तावलाई ठाडै इन्कार गरी नयाँ नियम बसालेपछि कुटुम्बभन्दा पर पर विवाह हुन थालेको कुरा विश्वनाथ काशीनाथ राजा वाडेले प्रस्तुत गरेका छन्। यसरी हेर्दा तिज पर्व र तिहार पर्वको उत्पतिमा परगोत्री विवाहले प्रभाव पारेको देखिन्छ।

माइतीले छोरी चेलीलाई निम्ता गरेर मीठो चोखो खुवाउने पर्व भाद्र शुक्ल द्वितीया र तृतीया तिथिलाई रोजेको देखिन्छ। द्वितीयाका दिन छोरी चेली, बहिनी, फूपू आदि डाकेर मीठो चोखो खुवाउने प्रचलन अघि बढेको पाइन्छ। द्वितीयाका दिन तीन प्रहर मीठो चोखो खुवाउने चलन छ, चामलमा राखेर पकाएको भात र दूधमा चामल घिउ, काजु, किसमिस, नरिवल आदि राखेर पकाएको खिर वा ढकनी प्रायशः हुने गर्दछ। दर भनेको धेरै कुरा मिलाएर पकाइएको परिकार हो। दर भनेको सन्तुलित खाना हो। पूर्वी पाल्पातिर मगर समुदायले दर खुवाउनेलाई द्वितीया खुवाउने भन्दछन्।

दर खानु पूर्व र दर खाएपछि दिनभरि रातभरि विशेष खालको लयमा गीत गाउने नाच्ने गरिन्छ। यसरी गाइने गीतलाई तिज गीत भनिन्छ। भोलिपल्ट पनि तिज अर्थात् तृतीयाका दिन बिहानैदेखि तिज गीत गाउने र नाच्ने गरिन्छ। यसमा पुरूषको संलग्नता रहँदैनथ्यो पहिलेपहिले।

तृतीया शब्दको व्यूत्पति पनि यसरी भएको देखिन्छ।

तृतीया- तृय (अर्थात् ती र यको आकारलाई -तिजे वा तिज शब्दको व्यूत्पति भएको प्रसङ्गमा तिज पर्व तिज संस्कृति अध्यता झपेन्द्र जिसीद्वारा शोध गरी नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन २०७२ मा गरेको तिज पर्वको सांस्कृतिक अध्ययनमा बेली विस्तार गरेका छन्।

४. यसरी नै तिहारलाई यमपञ्चक पनि भनिन्छ। भाइ टीकाका दिन दिदीबहिनीले आफ्नो दाजुभाइलाई आफ्नो घरमा निम्ता गरेर सप्तरंगी टीका लगाइदिने, मखमली फूल र सयपत्रीको फूलको माला लगाइदिएर सेल रोटी, अनरसा, झर, झिनिया, फिनीलगायतका रोटी र नरिवल, छोडा ओखरको घाँजी खान दिने चलन परम्परागत रूपमा रहँदै आएको छ। तिजमा छोरीचेलीलाई माइतमा निम्ता गर्ने र तिहारमा दाजुभाइलाई दिदीबहिनीले आफ्नो घर निम्ता गर्ने चलन रहँदै आएको छ।

कुकुर तिहार, कागतिहार, गाईतिहार, गोरू तिहारका दिन उनीहरूको पूजा गरी टीका माला लगाइदिएर दीर्घायुको कामना गर्ने गरिन्छ। सारतः उत्सवमा मनाइने पर्वहरू निकै रमाइला हुन्छन्, तिज पर्व पनि खुसियालीको पर्व हो। खुसी प्रकट गर्दै चेलीबेटीहरू माइतीको आँगनमा ढल्की ढल्की नाच्ने गाउने गर्दछन्। यसरी गायन र नृत्य गर्दा आफूले भोगेका दुःख बुहार्तनका कथा व्यथा पनि जीवन्त ढंगले प्रस्तुत गर्दछन्। जुन अन्ततः मर्मस्पर्शी, श्रव्य र मननीय हुने गर्दछन्।

**केही रमाइला पुराना गीतहरूः**

क) विश्वरूप पण्डितको हत्या गरे इन्द्रले
आफू निर्दोष बनाए इन्द्र जालैमा
पण्डितलाई मारे ब्रह्मालाई गुहारे
पाप हाम्लाई बोकाए ब्रह्म जालैमा।
पण्डित मार्ने इन्द्र पापी हुन कि धर्मात्मा
हेर हेर राधिका इन्द्रजालैमा
बह्म हत्या गरी दोष नारीमाथि थोपर्ने ?
रजोवती हुनु प्रकृतिको नियम
पाप भन्छन् ब्रह्माले ब्रह्मजालैमा
फोहोर मैला राख्ने नारी हैन गुह्यान



गुह्यानै पो ठाने है ब्रह्मजालैमा
धान खाने मुसो चोट पाउने भ्याउतो
कस्तो निया निसाफ ब्रह्मजालैमा
ती इन्द्रको चाल छक्का पञ्जा नौजाल
ख्याल गर सान्नानी इन्द्रजालैमा
ठूलालाई चैन सानालाई ऐन
कस्तो निया निसाफ ब्रह्मजालैमा
ब्रह्म इन्साफ गर्ने हत्यारालाई बचाउने
थोपो दया रैनछ ब्रह्मजालैमा
जसले गर्छ पाप, उसलाई लागोस् पाप
नखाको विष लाग्दैन ब्रह्मजालैमा।

ख) पानकी लौरी सुनपिया गुरजी
लालपी लौरीको चाल (७-८ पटक)
राजाले खाने पातला पुरी आलुको तरकारी (२ पटक)
खोजेर पनि पाउने छैनौ म जस्तो मनकारी (२ पटक)
पानकी लौरी सुनपिया गुरजी
लालपी लौरीको चाल।
क्षत्रीको छोरो यो पाउ हुन्छ घिनले छुँदैन
मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन।
पानकी लौरी सुनपिया गुरजी
लालपी लौरीको चाल।
चुड्का......
बाबाको बारी सुन्तलाघारी सुन जस्तो सुन्तला
टाढाको माया नलाउनु रैछ ज्यान घट्यो तीन तोला।
पानकी लौरी.......
बाटै र मुनि बाटैर माथि गोल काँक्री गल्केको
अर्काको छोरी वितरा पार्न यो झिल्के पल्केको
पानकी लौरी सुनपिया गुरजी....
बाटै र मुनि बाटै र माथि सर्पको काँचुली
हिर्दया मेरो चर्चरी पोल्छ नबजाऊ बाँसुरी
पानकी लौरी....

ग) फरिया लाएर माइत जाने बेलामा
अर्नी पोको बोकेर बेसी मेलैमा
टिकिया लाएर माइत जाने बेलामा
अर्नी पोको बोकर पारेर बेसी मेलैमा।

ङ) बाबा हुन् भनी माने मैले ससुरा
बुझिनँ मैले सुसराको छड्के ताल।
आमा हुन् भनी माने मैले सासुलाई
बुझिनँ मैले सासुको छड्के ताल
दिदी हुन् भनी माने मैले अमाजू
बुझिनँ मैले अमाजूको छड्के ताल
भाइ हुन् भनी माने मैले देबर
बुझिनँ मैले देबरको छड्के ताल
बहिनी हुन् भनी माने मैले नन्दलाई
बुझिनँ मैले नन्दको छड्के ताल।

छ) नेपालमा कस्तो कानुन बनेको
आम्मै आम्मै फटाहालाई छुट मिलेको
गरिबका जमिन लुटन पनि पाइने
आम्मै आम्मै कानुनले छुँदै नछुने।
कानुनको जाल कति ठूलो जाल
आम्मै आम्मै जे गरेनी यिनलाई छुटै छ
हुकुम्बासीले जग्गा कब्जा गरेका।
आम्मै आम्मै सुकुम्बासी जेल परेका
कति दिन चल्ला जालीको यो शासन
हामी चेली जुटिसकौं यसलाई मसान
महँगीले हिमाल चुली छुँदैछ
आम्मै आम्मै मुठीभरलाई स्वर्ग छँदैछ।

ज) बाबा भए आउने थिए सातै नदी तरेर
यो तिजमा छोरी लिन कसै गरेर
आमा भए आउने थिइन् कुरौनीको साथमा
लौरी टेकी यो तिजमा छोरी भेटन
बाबा आमा जानु भयो माइती पनि सकियो
दाजुभाइको मया दया जिउँदै सकियो।
यो तिजमा म चेलीलाई माइती लिन आएनन्
छाती पटी धरधरी रून्छु बरिलै।

झ) बिहानै उठेर मुरी धान कुटेर
रानी वनमा घाँस काट्न गएँ बरिलै
घाँसको भारी बोकेर घरमा ल्याइ बिसाउँदा
खालिन् जस्तो गर्छिन् बरै हाम्री सासुले
स्वामी मुख हेरम् भने खुन खाएको बाघ झैं
सासु मुख हरेम् भने पोल्ने आगो झैं
रूँदा रूँदै दिन बित्छ रूँदारूँदै रात पनि
यो मुखमा कहिले पर्ला तातो भात पनि
माथिबाट भगवान्‌ले दया नजर लाउलान् कि ?
यिनी मेरा आँसुले बाटो पाउलान् कि ?
कुटुमा कुटु पेटै र दुख्यो
निरजाले हो बेलौती कुड्काले
बाबालाई रूवाम्ला आमालाई रूवाम्ला
निरजाले हो गीतैको चुड्काले
बाटै मुनि बाटै र माथि
निरजाले हो दाउराको फलियो
राम्रो काम गर्ने मन छ भने
निरजाले हो मन बाँध बलियो
बाटै र मुनि बाटैर माथि
निरजाले हो दाउराको गरालो
लिन र भेट्न आए है भैया
निरजाले हो गरेंथे धरालो।
आई सालको तिजमा मर्छ कि बाँचिन्छ
अहिलेको तिजमा नाच बरिलै।
सधैंभरि पीर गरी बस्नु छैन घरमा
दिदीबहिनी यो तिजमा हाँस बरिलै।

## किसानलाई दूधमा १५ लाख अनुदान



रुकुम। रुकुमपश्चिमका दूध उत्पादक किसानले दूधमा रु १५ लाख अनुदान पाएका छन्। गत आर्थिक वर्षमा चार सय ७७ किसानले दूधमा रु १५ लाख अनुदान पाएका हुन्।

पशु अस्पताल तथा पशु सेवा कार्यालयबाट प्रतिलिटर रु पाँचका दरले अनुदान वितरण गरिएको थियो। यो विवरण गत वर्षको साउनदेखि फागुनसम्म रहेको कार्यालयका निमित्त प्रमुख शेरबहादुर खड्काले जानकारी दिए। फागुनदेखि असारसम्मको अनुदान भने बजेट अभावका कारण वितरण गर्न नसकिएको उनले बताए। करिब चार सय किसानले दूधमा अनुदान पाउन बाँकी रहेको उनले उल्लेख गरे।

बजेट अभावका कारण किसानका निवेदन कार्यालयमा थन्किएको भन्दै उक्त अनुदान उपलब्ध गराउने सम्भावना नरहेको निमित्त प्रमुख खड्काले बताए। फागुनसम्ममा जिल्लाका चार स्थानीय तहका चार सय ७७ किसानले रु १५ लाख अनुदान पाएका उनले जानकारी दिए।

खड्काका अनुसार मुसिकोट नगरपालिकाका ५६, त्रिवेणी गाउँपालिकाका तीन सय ३४, सानीभेरी गाउँपालिकाका ७१ र बाँफिकोट गाउँपालिकाका १६ किसानले पाएका छन्। कर्णाली प्रदेश सरकारले दूध उत्पादन वृद्धि गरी आत्मनिर्भर बनाउन दुग्ध उच्पादक किसानलाई लक्षित गरी अनुदान दिने कार्यक्रम सञ्चालन गरेको हो। प्रदेशका सबै जिल्लाका दूध उत्पादक किसानले हरेक वर्ष अनुदान पाइरहेका छन्।

# बागलुङमा आधुनिक बसपार्क सञ्चालन

बलेवा (बागलुङ) । साविक धौलागिरिवासीको २३ वर्ष अघिको सपना पूरा भएको छ। तत्कालीन अञ्चल सदरमुकाम बागलुङ बजारमा चार जिल्लाका सवारीसाधनको घुइँचो धान्ने गरी आधुनिक बसपार्क बनाउने सपना पूरा भएको हो ।

नगर विकास कोषको ऋण सहयोगमा बागलुङ नगरपालिका-४ उपल्लाचौरको दावगह्वामा बसपार्क निर्माण गरेर सञ्चालनमा ल्याइएको छ। बसपार्क निर्माण गर्न स्थानीय ४१ जना जग्गादाताले १७ रोपनी जग्गा निःशुल्क उपलब्ध गराएका थिए।

जग्गाको खोजी थालेको २३ वर्षपछि तयार भएर सञ्चालनमा ल्याइएको बसपार्कको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरे। दीप बाल्ने, शिलालेख अनावरण गर्ने र बस चालकलाई टीका लगाएर पहिलो बस बसपार्कबाट काँकडभिट्टा छुट्याएर मुख्यमन्त्री पाण्डेले बसपार्क सञ्चालनमा आएको घोषणा गरे।

नगर विकास कोषको रु नौ करोड लगानी हुने भए पनि सात करोड ६६ लाख ९९ हजारमा काम सक्नेगरी आशिष फेवा संयुक्त निर्माण कम्पनीले जिम्मा लिएको थियो। बसपार्क, टर्मिनल भवन, व्यापारिक भवन, भूमिगत ट्याक्सीपार्कलगायतको संरचना तयार गरिएका छन् ।

हाल बागलुङको चिप्लेटीमा रहेको बसपार्कले चाप नधानेपछि नयाँ बसपार्क सञ्चालनमा ल्याइएको हो ।

चिप्लेटी बसपार्कमा जीपपार्क वा सभाहल बनाउने विषयमा अध्ययन गरिने नगरपालिकाको योजना छ। यो बसपार्कले लामो र छोटो दूरीका बस सञ्चालन गर्न दुईवटा पार्क सञ्चालनमा आउन सक्नेछन् । बसको पार्किङ, टर्मिनल भवन, शौचालय, खानेपानी र दोहोरो ट्र्याक १७ रोपनीमा बनेको छ। यो बसपार्क बनेपछि एकैपटक ८० वटा बस राख्न मिल्नेछ।

**बसपार्क नियमित सञ्चालनमा आशंका**

बसपार्क मुख्य सडकको पहुँचमा छैन। बस्ती छिचोलेर बसपार्कमा पुग्नुपर्ने पहुँचमार्ग पनि सहज नभएकाले ठूला सवारीसाधन सहज रुपमा यहाँ पुग्न सक्ने अवस्था नरहेको स्थानीय बताउँछन्। नगरप्रमुख वसन्तकुमार श्रेष्ठले पहुँचमार्ग कालोपत्र र स्तरोन्नति गर्न प्रदेश सरकारसँग सहयोगको अपेक्षा गरिएको बताए।

"नयाँ बसपार्कबाट सहज रुपमा बस सञ्चालन गर्न पाइयोस्, उद्घाटन भएको बसपार्क नियमित सञ्चालन नभएको भन्ने सुन्न नपरोस्, यातायात व्यवसायीका समस्या समाधान हुँदै जानुपर्छ", धौलागिरि गण्डकी यातायात सेवाका अध्यक्ष उमेश केसीले भने-"हामी बसपार्कबाट सेवा लिन प्रतिबद्ध छौँ।" स्थानीय र प्रदेश सरकारले बसपार्क नियमित सञ्चालनको वातावरण बनाउनुपर्नेमा उनले जोड दिए। रासस

# नेप्सेमा ९० अङ्कको गिरावट



काठमाडौँ । पछिल्लो दुई दिन कारोबार उकालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधबार उच्च अङ्कले घटेको छ। नेप्से परिसूचक ९० दशमलव ७३ अङ्क अर्थात् तीन दशमलव २० प्रतिशतले घटेर दुई हजार सात सय ३९ दशमलव ४६ को विन्दुमा कायम भएको हो। तीन सय २० कम्पनीको दुई करोड ६५ लाख ८४ हजार एक सय ९२ कित्ता शेयर एक लाख ३७ हजार एक सय ६३ पटक खरिदबिक्री हुँदा रु १२ अर्ब ९२ करोड ५६ लाख ८८ हजार दुई सय १५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै वित्त समूह पाँच दशमलव १५ र होटल तथा पर्यटन समूह चार दशमलव ७४ प्रतिशतले घटेको छ।

बैंकिङ तीन दशमलव १७, विकास बैंक दुई दशमलव २९, जलविद्युत् तीन दशमलव ५९, लगानी तीन दशमलव ५६, जीवन बिमा तीन दशमलव ७१ र उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ५५ अङ्कले घटेको छ। त्यस्तै लघुवित्त एक दशमलव ३८, म्युचुअल फन्ड एक दशमलव ३७, निर्जीवन बिमा दुई दशमलव ७३, व्यापार दुई दशमलव ६८ र अन्य समूह तीन दशमलव ३८ प्रतिशतले घटेको छ।

एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड, विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने कुमारी इक्विटी फण्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु ३० करोड ५२ लाख ६१ हजार तीन सय ११ बराबरको खरिदबिक्री भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने अपि पावर कम्पनी लिमिटेडको सात लाख १९ हजार तीन सय ३९ कित्ता शेयर किनबेच भएको छ।

**रुपन्देहीमा...**

लकडाउन अवधिको पहिलो रक्तदान कार्यक्रममा मौलाना स्वंयले रक्तदान गरी कार्यक्रमको सुरुवात गरेका थिए। रक्तदान भनेपछि डराउने समुदाय लकडाउन र कोरोना भाइरसको यस्तो परिस्थितिमा पनि आफैँ आयोजक भएर मदरसा अरविया अहले सुन्नतले रक्तदान कार्यक्रमको थालनी गरेका थिए। धकधई रेडक्रस उपशाखाको समन्वयमा मदरसामा आयोजना भएको थियो।

दैनिक १०० प्वाइन्ट रगत सरदरमा जिल्लामा खपत हुने गरेको छ। प्रत्येक पटक डायलसिस गर्नेलाई रगतको आवश्यकता पर्छ, त्यस्तै प्रसूति र दुर्घटनाको केशमा पनि बढी रगतको माग हुन्छ, अभाव नहोस् भन्दै सतर्कताका लागि रगत संकलनको काम भइरहेको हुन्छ। दुर्घटना, अधिक रक्तश्राव, प्रसूति व्यथा, मुटु मस्तिष्कलगायत शल्यक्रियामा रगत जरुरत पर्छ। त्यसैगरी थालासेमिया, ल्युकेमियालगायतका रक्त क्यान्सर, हेमोफिलिया तथा रक्तअल्पता जस्ता रगतका समस्यामा पनि तारन्तार रगत जरुरत पर्छ।

नेपाल रेडक्रस सोसाइटीले रक्त संकलनमा चुनौती भए पनि आपूर्तिमा हरसम्भव प्रयास गरिरहेको छ। सस्थागत रक्तदान र रक्त समूहका दाताहरुलाई सम्पर्क गरेर रगत संकलन गर्ने काम हुने गरेको छ ।

शरीरका कोषहरुमा ग्लुकोज, एमिनो एसिडलगायतका पोषक तत्वहरु सँगै अक्सिजनलगायतका आवश्यक पदार्थहरु पुऱ्याउने काम गर्दछ। रगतले कार्बन डाइक्साइड, यूरिया, ल्याक्टिक एसिड जस्ता काम नलाग्ने तत्वहरुलाई बाहिर निश्कासन गर्न समेत सहयोग गर्दछ। मानिसको कुल वजनको ७ प्रतिशत रगत हुन्छ। रगतको ६० प्रतिशत भाग झोल (प्लाज्मा) हुन्छ। प्लाज्माको ९० प्रतिशत भाग पानी र १० प्रतिशत भाग पोषक तत्व हुन्छ। रगतको बाँकी ४० प्रतिशत भने ठोस पदार्थ (जसमा रातो रक्तकण, श्वेत रक्तकण र प्लेटलेट्स) हुन्छ।

अध्यक्ष न्यौपानेले भन्छन्- 'रगतमा मात्रै होइन विपद् र राहतमा पनि रेडक्रस उत्तिकै खट्ने गर्छ। रेडक्रसले सामाजिक क्षेत्रमा धेरै कार्यक्रम गरिरहेका छ। बढी पहिरो, भूकम्प, आगलागी, महामारी, वृद्धवृद्धालाई खाद्यान्न, कपडा तथा राहत सामग्री वितरण गर्ने वृक्षरोपण जस्ता काम हुने गर्छ। अहिले राहत सामग्रीभन्दा निश्चित रकम नै दिने जसले अति आवश्यक बस्तु किन्न सकुन भनेर रेडक्रसले मापदण्ड बनाएको छ। विद्यार्थीहरुमा पनि प्रतियोगिता हुन्छ।' रुपन्देही मातहत २० वटा उपशाखा रहेका छन्।

उनका अनुसार स्वीस रेडक्रसको सहकार्यमा विपद् व्यवस्थापन तथा रोकथामका लागि सुपर प्रोजेक्ट चलिरहेको छ। २०२३ बाट सैनामैना नगरपालिकामा चलिरहेको छ। २०२६ सम्म चल्छ। यस्तै लुम्बिनीमा कोरियन रेडक्रसको सहकामर्यमा पडरिया आधारभूत विद्यालयको स्तरोन्नति भएको छ। यस्तै सिद्धार्थनगर नगरपालिकामा अमेरिकन रेडक्रसबाट परियोजना चलिरहेको छ। जनवरीदेखि जुनसम्म तातो वायुसम्बन्धी पाइलट प्रोजेक्ट चलेको थियो, यसको प्रतिवेदन बनि निरन्तर गर्ने योजना रहेको छ। बिग्रेका र उपयोग गर्न नमिल्ने रगत व्यवस्थापन गर्न समस्या छ।

**रुपन्देहीमा रगत जाँचको पैसा पालिकाबाट**

नेपाल रेडक्रस सोसाइटी रुपन्देहीका अध्यक्ष दीपक क्षेत्री न्यौपानेले रेडक्रसले नागरिकलाई रगतको सहजीकरणका लागि निःशुल्क रगतको व्यवस्था गरेको बताए। रुपन्देहीका १५ पालिका, गुल्मीका ५ वटा, अर्घाखाँचीको २ र कपिलवस्तुको ६ वटा पालिकासँग निःशुल्क रगत सम्झौता भएको छ। नागरिकले रगत आवश्यकता परेको बेला रक्तसञ्चार केन्द्रमा आएर परिचय पत्रको आधारमा निःशुल्क रगत पाउने गरी सम्झौता भएको छ। उक्त रेकर्ड पालिका पठाएपछि पालिकाले भुक्तानी गर्ने गरेको छ। 'रुपन्देहीमा रगतको पैसा तिर्नपर्दैन। रगतको अभावले कुनै पनि हालतमा ज्यान जान दिँदैनौ।'-उनले भने।

रुपन्देहीका दुवै रक्तसञ्चार केन्द्रबाट रुपन्देहीको सैनामैना नगरपालिका बाहेक सबै पालिकाले आफ्नो क्षेत्रमा रहेका बिरामीहरुको लागि आवश्यक रगत तथा रक्त तत्वमा लाग्ने सेवा शुल्क निःशुल्क गरी उपलब्ध गराउन सम्झौता गरेका छन्। यसका अलावा बाहिरी जिल्ला कपिलवस्तुको पनि पालिकाहरु विजयनगर, बुद्धभूमि, कपिलवस्तु, कृष्णनगर, शिवराज, वाणगंगाले पनि निःशुल्क रगतको लागि सम्झौता गरेको छ। गुल्मीको छत्रकोट, रुरु क्षेत्र, चन्द्रकोट र गुल्मी दरबार गाउँपालिकाले र अर्घाखाँचीको सन्धीखर्क नगरपालिकाले पनि निःशुल्क रगतको लागि सम्झौता गरेका छन्। गत आर्थिक वर्षमा यि पालिकाहरुबाट ९ हजार ८ सय ६७ युनिट रगतको रक्त तत्वमा लाग्ने सेवा शुल्क रेडक्रसलाई दिएका छन्।

सेवा शुल्क ९५० रुपैयाँ छ। यसमा व्याग, रिएजेन्ट, प्राविधिकहरुको खर्च हो। सम्झौता भएको पालिकाले तिर्नुपर्दैन, प्रदेश सरकराले पनि लुम्बिनी प्रादेशिक र भीम अस्पतलामा खपत भएको रगतको सेवा शुल्क तिर्दै आएको छ।

**रक्तदाताको तथ्याङ्क राख्न सफ्टवेयर**

ब्लल बैंकको नाममा सफ्टेवयरबाट सुरु भएको छ। दान गर्नेले कहिले गर्यो, कति पटक गर्यो कति महिनामा गर्यो भन्ने डिटेल डाटा त्यहाँ हुन्छ। नियमित रक्तदान गरेर धेरैको ज्यान बचाएका रक्तदाताहरुको तथ्याङ्कका लागि सफ्टवेयर प्रणालीको सुरुवात गरिएको हो। कसले कति पटक रक्तदान गर्यो भन्ने स्पष्ट तथ्यांक नहुँदा हिचकिचाउने रक्तदाताहरुले अब निर्धक्क भएर रक्तदान गर्न पाउने छन्। कसले कति पटक गरे भन्ने कागजी तथ्याङ्कभन्दा पनि अब आफूले कति पटकसम्म रक्तदान गऱ्यो, त्यसको यकिन तथ्यांक रेडक्रस सँग हुन्छ, त्यसमा पनि आफूले दान गरेको रगतमध्ये कति प्रयोगमा आउन सकेको हो, त्यो कुराको जानकारी समेत रक्तदातालाई हुनेछ।

व्यवस्थित तथ्यांक नहुँदा आफैँले नै मैले यति पटक रक्तदान गरें भन्नुपर्ने अवस्था छ, कसले कति पटक रक्तदान गऱ्यो भन्ने स्वयंसेवी रक्तदाताको आधिकारिक तथ्यांक सम्बन्धित निकायसँग हुनुपर्ने उनको भनाइ छ।

## रजिष्ट्रेशन लेटर हराएको सूचना

मेरो निम्न विवरण भएको रजिष्ट्रेशन लेटर यही मिति २०८१।०५।०७ गते भैरहवा देखि युनिर्भसन कलेज जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : **आस्था चतुवेदी**
**ठेगाना** : **सि.न.पा, बुद्धचोक, भैरहवा**
**रजिष्ट्रेशन नं.** : **BHW-502/2023**
**सम्पर्क** : ९८१७५६१७५२

## लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका वडा न. १ मा प्रस्तावित ताज मल्टीपर्पोज फुड्स उद्योग संचालन प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८१/०५/१९)**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः ताज मल्टीपर्पोज फुड्स प्रा. लि.<br>ठेगानाः लुम्बिनी सांस्कृतिक नगरपालिका-१, खुनगाई, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश,<br>फोन नं.:९८५७०२०८६५, ९८५७०२३५६५ |
| प्रस्तावको व्यहोरा | • कार्यान्वयन हुने स्थानः लुम्बिनी सांस्कृतिक नगरपालिका-१, खुनगाई<br>• जग्गाको विवरणः लुम्बिनी सांस्कृतिक नगरपालिका-१ कि.न. (१३९१) जम्मा २८७.८४ ब.मी., जग्गा बहालमा<br>• प्रस्ताव बारे सामान्य जानकारी : खाद्य तेल तथा खाद्यान्न प्रशोधन गर्ने उद्योग निर्माण संचालन<br>• लगानीः ५,००,००,००० (५ करोड)<br>• लगानी किसिमः निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | रुपन्देही जिल्ला / लुम्बिनी सांस्कृतिक नगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न लुम्बिनी सांस्कृतिक नगरपालिका -०१ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ताज मल्टीपर्पोज फुड्स प्रा. लि., लुम्बिनी सांस्कृतिक नगरपालिका-१, खुनगाई, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश,<br>फोन नं.:९८५७०२०८६५, ९८५७०२३५६५ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनीयरिंग कन्सल्टेन्ट एंड बिल्डर्स, तिलोत्तमा-०५, रुपन्देही<br>इमेलः uecb2017@gmail.com<br>सम्पर्क नंः ९८६७१८९०५१ |

## Kapilvastu Municipality

### Office of Municipal Executive

Taulihawa,Kapilvastu

Lumbini,Province

## Invitation for Electronic Bids

Date of Publication: 5th Sept,2024(20th Bhadra,2081)

The Kapilvastu Municipality, Office of the Municipal Executive, Taulihawa, Kapilvastu invites online bids under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders under National Competitive Bidding procedures for the procurement of the following works. The bidders can visit the PPMO website for the brief description with Public entity name: Kapilvastu Municipality, Office of Municipal Executive.

| S.N. | IFB NO. | Name of Projects | Estimated Amount Exclusive of VAT and Contingencies (NRs.) | Bid Security (NRs.) | Account No. for Cash Security | Bid Doc fee | Account No. for Bid Doc Fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM/081/082-01 | Supplying, fitting and fixing of Gabion net railing throughout the median of Hulaki in Taulihawa Bazar (Package-II) | 4,332,932.50 | 140,000.00 | RastriyaBanijyaBank,TaulihawaBarnch Sthaniya Taha Dharauti Khata No.3110100303000002 | 3000.00 | Rastriya Banijya Bank,Taulihawa Barnchh Aantarik Rajaswa Khata No.:3110100301010002 Office Code :8010549015 | 6h Oct,,2024(20th Asoj,2081) 12:00 |
| 2 | KM/081/082-02 | Upgrading of Jagdishpur Jarlaiya Road with R.C.C. Pavement | 12,642,120.13 | 400,000.00 | | | | |

Chief Administrative Officer

## Satyawati Rural Municipality

### Office of Rural Municipal Executive

Johang , Gulmi

Lumbini, Province

## Invitation for Bids IFB:1.1/2081/82

**First date of publication: Bhadra 20, 2081 (5th September, 2024)**

1. Office of Satyawati Rural Municipality, Johang, Gulmi invites electronic bids for Purchase of Goods from eligible bidders under National Competitive Bidding procedure.

| S.N | Contract No. | Description | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) | Bid Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | SRM/Medicine/G/NCB/01-2081-082 | Supply and Delivery of Medicines and Surgical Items for Satyawati Rural Municipality | 1,25,000.00 | 3,000.00 | Time: 13.00 PM Ashwin 20, 208 (6 October, 2024) |

2 .Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website

www.bolpatra.gov.np/egp

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of Bank: Kumari Bank Limited<br>Name of Office: Satyawati Rural Municipality,<br>Account Name: Ga.1.1 ANTARIK RAJASWA KHATA<br>Account No. : 2690247957400010 | Name of Bank: Kumari Bank Limited<br>Name of Office: Satyawati Rural Municipality,<br>Account Name: GA 3 DHARAUTI K SATYAWATI<br>Account No. : 2690247957400003 |

**Chief Administrative Officer**


## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।**

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- **ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।**
- **लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।**

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



**आरक्षमा चर्दै गरेका घोडाः**
ढोरपाटन सिकार आरक्षस्थित उपत्यका क्षेत्रमा घोडा चर्दै । सिकार आरक्ष कार्यालय नजिकै रहेको उपत्यका क्षेत्र पशु चरनसँगै पर्यटक घुम्नका लागि उपयुक्त छ । तस्विर : डम्मर बुढामगर/रासस

# तिजको किनमेल भारतीय बजारमा



कपिलवस्तु । तिज पर्व नजिकिएसँगै सीमा क्षेत्रमा बसोबास गर्ने नेपालीहरु भारतीय बजारमा किनमेलका लागि ठूलो संख्यामा जान थालेका छन् । कपिलवस्तुको कृष्णनगरसँग जोडिएको भारतीय बजारमा अहिले तिज पर्वका लागि आवश्यक सामग्री किन्न आउने नेपालीहरुको भिडभाड देखिन्छ । सस्तो मूल्यमा सामान पाइने भएका कारण भारतीय बजारको आकर्षण बढेको हो ।

बजार गर्न कृष्णनगर, बढनी बजार पुगेकी चन्द्रौटाकी स्थानीय बासिन्दा सोनाती चौधरीले सामानहरु सस्ता पर्ने भएकोले बजार गर्न गएको बताइन् । तिजमा प्रयोग हुने कपडा, श्रृंगारका सामग्रीहरु नेपाली बजारको तुलनामा भारतीय बजारमा सस्तो पर्दछन् ।

त्यस्तै, अर्का स्थानीय बासिन्दा रेशम पुनले पनि नेपालको तुलनामा भारतीय बजारमा सबै सामानहरु सस्तो हुने गरेको बताए । 'नेपालका बजारमा महँगो छ, पैसा नभएको बेलामा थोरै भए पनि बचत होला भनेर जान्छौं ।'-उनले भने । भारतीय व्यापारी सुनिल अग्रहरिले अरु समयभन्दा तीजमा भिडभाड बढेको बताउँछन् ।

नेपाल-भारत सिमा क्षेत्रमा रहेको भारतीय बजारमा तिजको तयारीलाई ध्यानमा राख्दै, व्यापारीहरुले विशेष छुट र आकर्षक अफरहरु प्रस्तुत गरेका छन् । सिमा क्षेत्रमा बसोबास गर्ने नेपाली उपभोक्ताहरुले यसलाई अवसरका रुपमा लिएका छन् । कपिलवस्तु, अर्घाखाँची, दाङ, प्युठानलगायतका जिल्लाबाट तिजको सामान लिन यहाँ आउने गर्दछन् । तिज पर्व नजिकिएसँगै नेपाली उपभोक्ताहरुको भारतीय बजारप्रतिको आकर्षण र सिमा क्षेत्रमा देखिएको चहलपहलले तिजको रौनकलाई थप बढाएको छ भने नेपाली बजारमा भने सोँचे अनुरुप व्यापार नभएको नेपाली व्यापारीहरु बताउँछन् ।

# २२ जना दृष्टिविहीन विद्यार्थीलाई पोसाक वितरण



**गौरीशंकर जयसवाल**
*परासी*

नेपाल निजामती कर्मचारी यूनियन पश्चिम नवलपरासीले दृष्टिविहीन विद्यार्थीलाई पोसाक वितरण गरेको छ । नेपाल निजामती कर्मचारी यूनियनले आफ्नो ३५औं स्थापना दिवसको अवसरमा दृष्टिविहीन विद्यार्थीलाई पोसाक वितरण गरेको हो ।

आर्दश माध्यमिक विद्यालयमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरुलाई पोसाक वितरण गरिएको नेपाल निजामती कर्मचारी यूनियन नवलपरासीका जिल्ला अध्यक्ष सन्त गिरीले जानकारी दिए । उनले मानव र सामाजिक सेवाअन्तर्गत विद्यार्थीहरुलाई पोसाक वितरण गरिएको बताउँदै नेपाल निजामती कर्मचारी यूनियनले विभिन्न रचनात्मक कार्य गर्दै आएको बताए ।

नेपाल निजामती कर्मचारी यूनियनका केन्द्रिय सदस्य हरि ज्ञवाली जिल्ला अध्यक्ष सन्त गिरी र कर्मचारी यूनियनका पूर्व जिल्ला अध्यक्ष सुनिल लामिछाने तथा नेपाली कांग्रेसका कार्यबहाक सभापति विक्रम यादवले संयुक्त रुपमा दृष्टिविहीन विद्यार्थीलाई पोसाक वितरण गरेको यूनियनका जिल्ला सचिव सुन्दर खनालले जानकारी दिए । सो अवसरमा बोल्दै केन्द्रीय सदस्य हरि ज्ञवालीले कर्मचारी यूनियनले कर्मचारीसँग जनता कार्यक्रम ल्याएको बताए । उनले कर्मचारी र जनतासँग भिन्न व्यवहार भएको व्यापक जनगुनासो रहेकोले यसलाई चिर्नको लागि र जनतासंग सेवा प्रवाह गुणस्तरी सेवालगायतको विषय रहेको भन्दै कर्मचारीसँग जनता कार्यक्रम ल्याइएको बताए । आर्दश माध्यमिक विद्यालयमा अध्ययनरत २२ जना दृष्टिविहीन विद्यार्थीहरुलाई पोसाक वितरण गरिएको कर्मचारी यूनियन नवलपरासीले जनाएको छ ।

# स्थापना दिवसमा पशु आहार वितरण

बुटवल । नेपाल निजामती कर्मचारी युनियनले स्थापना दिवसको अवसरमा बुटवल शिवनगरमा रहेको नन्दिनी गौशालामा पशु आहार वितरण गरेको हो ।

कार्यक्रममा नेपाली कांग्रेस रूपन्देहीका सभापति एवम् तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले गौ संरक्षणमा सबै जुट्नु पर्ने र सबैले आफू सक्दो पशु आहारको व्यवस्था गर्ने हो भने गौमाताको रक्षा सहज ढंगले हुने बताए ।

कांग्रेस रूपन्देही क्षेत्र नं. २ का सभापति प्रजापाल गिरी, बुटवल उप-महानगरपालिका वडा नं. ४ का वडाध्यक्ष नरिश्वर शर्मा पौडेललगायतले गौ संरक्षणमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले विशेष चासो राख्नुपर्ने बताएका थिए ।

युनियनका अध्यक्ष चक्रपाणी पाण्डेले युनियनले सामाजिक उत्तरदायित्व बहन गर्दै समाजका लागि सदैव लागिरहने बताए । कार्यक्रममा टेकराज पन्थी र सि वि ए रुपन्देहीका उपाध्यक्ष भोजराज न्यौपानेले पनि आफ्ना भनाइ राखेका थिए ।

# भैसाहीमा ४३ युनिट रगत संकलन

कञ्चन । भैसाही युवा क्लब, कञ्चन ५ रुपन्देहीको आयोजनामा बुधबार भएको रक्तदान कार्यक्रममा ४३ युनिट रगत संकलन भएको छ । दुर्गामन्दिर टोल विकास संस्था स्थित दुर्गामन्दिरमा सञ्चालन गरिएको रक्तदान कार्यक्रममा ४३ जना रक्तदाताहरुले रगत दान गरेका हुन् ।



कञ्चन गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष कुलप्रसाद पौडेलले कार्यक्रमको शुभारम्भ गर्दै मृत्युको शैयामा पुगेका व्यक्तिहरुको जीवनलाई पुनः जीवन दान गर्न रक्तदान गर्ने रक्तदाताहरु भगवानहरुको साक्षात भगवान भएको बताए । रगतको अभावमा मृत्यु शैयामा रहेका बिरामीका आफन्तहरुले आफ्नो मान्छेको पुनःजीवनका लागि अजीव ढुङ्गाको मूर्तिलाई भगवान बनाएर पूजा गर्नुभन्दा जीवित रक्तदाताहरुलाई भगवानको रुपमा लिनुपर्ने वडाध्यक्ष पौडेलले बताए ।

रक्तदान गर्नेहरुमा सदैब सकारात्मक सोंच भएको कारण अरुको जीवनलाई पनि आफ्नो जीवन जस्तै ठानेर हरपल रक्तदान गर्न तत्पर भइरहने बताउँदै कञ्चनका बिरामीहरुलाई रगत लिंदा पैसा तिर्नु नपर्नेगरी रक्त सञ्चार केन्द्र बुटवलसँग कञ्चन गाउँपालिकाले सम्झौता गरेको समेत वडाध्यक्ष पौडेलले जानकारी दिए । यस्तै भैसाही युवा क्लबका अध्यक्ष गगन रोकाले रक्तदान गर्ने संस्कृतिको विकास गर्न र रगतको अभावबाट कोही पनि अकालमै मृत्यु हुन नपरोस् भनेर क्लबले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान कार्यक्रमको आयोजना गरिएको बताए ।

रक्त सञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोगमा भएको कार्यक्रममा क्लबका अध्यक्ष गगन रोकाको अध्यक्षता तथा सचिव पुरन बि.क.ले कार्यक्रमको सहजीकरण गरेका थिए ।

# तिज गीत प्रतियोगिता सम्पन्न



बुटवल । विद्यार्थीहरुलाई नेपाली कला, संस्कृति र परम्पराप्रति जागरुक गराउने उद्देश्यले बुटवल -३, सहम्रपथमा रहेको लुम्बिनी बोर्डिङ् स्कुलमा तिज गीत एवं नृत्य प्रतियोगिता सम्पन्न भएको छ ।

नेपाली नारीहरुको महान् पर्व हरितालिका तिज २०८१ को अवसरमा जुनियर र सिनियर समूहअन्तर सदनात्मक रुपमा प्रतिस्पर्धा गराइएको प्रतियोगितामा विद्यार्थीहरुले महिला हिंसा, सामाजिक विभिन्न विकृति, देशको अवस्था, बालबालिका र शिक्षालगायत विविध विषयका आफैँले गीत सिर्जना गरी नृत्य प्रस्तुत गरेका थिए ।

प्रतियोगितामा जुनियरतर्फ हरियो सदन प्रथम, सिनियरतर्फ निलो सदन प्रथम भएको छ । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दयाराम बस्याल, विद्यालयका प्राचार्य एवम् प्याब्सन लुम्बिनी प्रदेशका अध्यक्ष लालहरि पाण्डे, विद्यालयका सह-प्राचार्य कौशलराज बस्याल, कोर्डिनेटर सुदिप बस्याल नृत्य निर्देशककुमार थापा र शिक्षक टेकबहादुर कुँवर, शिक्षिका गीता गैरे, शिक्षिका कुविजा भण्डारी, अतिरिक्त क्रियाकलाप प्रमुख माधव भट्टराईले आ-आफ्ना भनाइ राखेका थिए ।

यस्तै सार्वजनिक शैक्षिक गुठी, न्यू लाइट माविमा तिज नाच प्रतियोगिता सम्पन्न भएको छ । नाच प्रतियोगितामा सिनियरतर्फ विशाखा अर्यालको ग्रीन हाउसको समूह र जुनियरतर्फ प्रशंसा भण्डारीको ब्लु हाउसको समूह प्रथम भएको छ ।

प्रत्येक वर्ष तिजको अवसरमा गरिने प्रतियोगितामा जुनियर र सिनियर गरेर ८ वटा समूहले प्रतिस्पर्धा गरेका थिए । सिनियरतर्फबाट ग्रीन हाउस प्रथम, ब्लु हाउस द्वितीय र जुनियरतर्फबाट ब्लु हाउस प्रथम र एल्लो हाउस द्वितीय भएको थियो । कार्यक्रममा २५ वटा समूहहरुले अप्रतिस्पर्धी नृत्य प्रस्तुत गरेका थिए भने शिक्षिकाहरुको समूहले मौलिक भाकामा तिज गीत र नृत्य प्रस्तुत गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खड्गबहादुर गौतमले मौलिक गीत संगीतलाई जोड दिँदै विकृतिबाट बच्नुपर्ने बताए । प्राचार्य रमेश ज्ञवालीले यस्ता प्रतियोगिताले विद्यार्थीलाई सामाजिक बनाउने र आफ्नो संस्कृति सिकाउने बताएका थिए ।

# एकीकृत स्वास्थ्य कार्यक्रमको समीक्षा गोष्ठी सुरु

परासी । पश्चिम नवलपरासीमा एकीकृत स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय वार्षिक समीक्षा दुई दिने गोष्ठी बुधबारदेखि सुरु भएको छ । जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीको आयोजनामा एकीकृत स्वास्थ्य कार्यक्रमको जिल्लास्तरीय वार्षिक समीक्षा दुई दिने गोष्ठी सुरु भएको हो ।

आर्थिक वर्ष २०८०/०८१ भरि गरिएका स्वास्थ्यसम्बन्धी गतिविधि समीक्षा गरिएको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख ओमप्रकाश पन्थीले जानकारी दिए । उनले स्वास्थ्य क्षेत्रमा जनतासँग स्वास्थ्य पहुँच पुगेको र थप सुधार गर्न समीक्षा गरिने बताए । कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद (रूदल) यादवले राम्रो सेवा प्रवाह गर्न सुझाव दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com